# एक शक्तिशाली सर्जक
# झमक कुमारी घिमिरे



जन्म मिति : वि.सं. २०३७ साल असार

# एक शक्तिशाली सर्जक : झमक घिमिरे



\- ममता गिरी

प्रकृतिकी अद्‌भुत सिर्जना झमक घिमिरे धनकुटा न.पा.३ को कचिडे भन्ने ठाउँमा ०३७ साल २१ गते असार शुक्रबारको दिन जन्मिएकी हुन् । उहाँको शिक्षा स्वअध्ययन हो । उहाँ माता आशादेवी घिमिरे र पिता कृष्ण बहादुर घिमिरेका कोखबाट जन्मिनु भएको हो । उहाँको अभिरुची मूलतः कला साहित्य हो । प्रकृतिले आफ्नै विरुद्ध संघर्षमा उतार्न निर्मित प्रतिस्पर्धी विचित्र प्रतिभा हुनुहुन्छ झमक । उहाँको विलक्षण प्रतिभाले थुप्रै कृतिहरु जन्माएको छ ।

- संकल्प (कविता संग्रह) - ०५५
- आफ्नै चिता अग्नीशिखातिर (कविता संग्रह) - ०५७
- मान्छेभित्रका योद्धाहरु (कविता संग्रह) - ०५७
- अवसान पछिको आगमन (कवारी संग्रह) - ०५७
- सम्झनाका बाछिटाहरु (लेख संग्रह) -०५७
- नौलो प्रतिविम्ब (कविता संग्रह) - ०६०
- पर्दा, समय र मान्छेहरु (कथा संग्रह) - ०६२
- बेमौसमका आस्थाहरु (निवन्ध संग्रह) - ०६३
- झमक घिमिरेका कविताहरु - ०६५
- जीवन काँडा कि फूल (आत्म जीवनीपरक निवन्ध) - ०६७

प्रकृतिको चूनौतिलाई हाँसेर स्वीकार गर्नुभयो झमकले । विद्यालय र कालो पाटीको अनुहारै देख्न नपाए पनि भाइ बहिनीले पढेको देख्दा उहाँभित्र अक्षरहरु फुरे । हजुरबाले रामायण पाठ गरेको सुनेर उहाँको मनभित्र कविताको बीज अंकुरित भयो । आखिर प्रकृतिको चूनौतिमाथि विजय हासिल गर्दै झमकले निम्न पुरस्कार, सम्मान तथा पदक पाउन सफल हुनुभयो ।

- कविताराम बाल साहित्य प्रतिभा पुरस्कार - ०५५
- अस्वीकृत विचार साहित्य पुरस्कार - ०५६
- कथा गोपाल प्रसाद जन कल्याण पुरस्कार - ०५६

- प्रवल गोरखा दक्षिण बाहु, चौथो - ०५७
- अपाङ्ग प्रतिभा पुरस्कार - ०५७
- डा.विमलावाणी पुरस्कार -०६२
- नेपाल सरकारबाट सम्मान - ०६३
- क्षेत्रीय प्रतिभा पुरस्कार - ०६५
- धनकुटा प्रतिभा पुरस्कार - ०६६
- मदन पुरस्कार - ०६८

झमक शारीरिक रुपले अशक्त भए तापनि, हातहरु नचले पनि, मुख नचले तापनि उहाँको सीप र उर्जा हृदय र खुट्टामा थापियो । त्यसैले उहाँका चिन्तन, विचार, अनुभूति, कल्पना, भावना र सिर्जना दोब्वर शक्तिशाली भएर अघि लम्के । उहाँले प्रकृतिलाई चुनौति दिदै बाँया खुट्टाले नै प्रतिष्पर्धा गर्ने जमर्को गर्नुभयो । शारीरिक अशक्तताको बावजुद बालककालमा उहाँको बाबाले भाइ बहिनीलाई पढाएको छड्के आँखाले हेरीरहनुहुन्थ्यो । भुईमा गोडाको औलाले कोरेर लेख्ने अभ्यास गनुहुन्थ्यो । बिस्तारै उहाँले सिन्कालाई च्यापेर घुँडाले लेख्न थाल्नुभयो । बाबाले पढाईरहेको ठाउँमा जाँदा तँ उता जा तैले सिकेर के गर्छेस्' भनेर हकार्दा उहाँको मनमा असाध्यै पीडा हुन्थ्यो । उहाँलाई आजको स्थितिमा आइ पुग्न नत परिवारले नै साथ दियो नत समाजले । केवल उहाँ भित्रको पढ्ने रहर र दृढ इच्छा शक्तिका कारण धेरै संघर्ष पछि मात्र आज उहाँ सफलताको शिखरमा पुगिन् । उहाँ भित्रको पढ्ने सिक्ने तिव्र आकांक्षाकाले गर्दा धेरै कठोर संघर्ष गर्नु परेको थियो । खाली भुईमा बालुवामा कलिला औलाले लेख्दा छर छरी रगत आउथ्यो औलाबाट । तर पनि उहाँले सिक्ने अभिलासालाई रोक्नुभएन । आफू भित्रको उत्साहलाई जति दुःख परे पनि मर्न दिनुभयो ।

उहाँको लेखन यात्रा कविता, गीत, कथा, निवन्ध, सस्मरण, समीक्षात्मक टिप्पणी र पत्र-पत्रिकामा स्तम्भ -लेखहरुबाटै अघि बढ्यो । नौ दश वर्षकै उमेरबाट उहाँले कविता लेख्न थालिसक्नुभएको थियो । सत्र अठार तिर पुगिसक्दा उहाँ पुस्तकाकार कृति सिर्जना प्रकाशित गर्न सफल भइसक्नुभएको थियो । यहाँसम्म आइपुग्दा उहाँले धेरै ठक्कर हण्डर भोगिसक्नु भयो । उहाँको बाल्यकाल अरुको जस्तो सहज बनेन । अरु बालबालिका झै उन पनि बालसुलभ कार्यकलाप

देखाउथिन् । घरको सामान यताउती चलाउने गर्दा आमाले गालामा थप्पड हान्ने, सबैले 'साँपे' भनेर गाली गर्ने गर्दा उहाँ अत्यन्त पीडित हुन्थिन् । एक्लै रुन्थिन् उहाँको पीडा अभिव्यक्त गर्ने ठाउँ हुदैनथ्यो । उहाँभित्र तमाम पीडा थिए तर पनि उहाँको कलम कहिल्यै रोएन, झुकेन र तर्सेन । उहाँको कलम सधै पीडित जनता र देशको प्रतिनीधि बनेर गर्जिन थाल्यो । उहाँका कविताले राष्ट्रका पीडा विर्सेर लरखराउने कविहरुलाई लल्कार्न थाल्यो । उनका कविताका हरफहरु पढ्दा लाग्छ, उहाँ विकलाङ्ग होइन, कुनै सपाङ्ग महाकवि हुनुहुन्छ ।

कलमको स्वतन्त्रता खोज्नेलाई जिन्दगीको कुनै मोह हुदैन । जव विचार भावना अभिव्यक्तिको स्वतन्त्रता हुदैन, भने जिन्दगी बाँचेको के अर्थ ?

इमानको कलम चलाउ । कविजी रोमानी सपनाहरुको खेती नगर । तिम्रा कलमहरुले न्यायको मसाल बोकेर चलाउनु पर्छ " (मर्म : बेमौसमका आस्थाहरु )

तीक्ष्ण श्रवण शक्तिकी धनी झमक शारीरिक कठिनाई भोगेर पनि अन्य भन्दा धेरै माथी पुग्नुभएको देख्दा साँच्चै जो कोही अचम्मीत हुनु स्वभाविक हो । उहाँको संघर्ष र सहासको जति प्रशंसा गरे पनि कमै हुन्छ । उहाँको कृति 'जीवन काँडा कि फूल' झमकको सर्वाङ्गिण परिचय हो । उहाँको चेतनाको क्रमिक विकास, उपलव्धीको, ठक्करको आशाको र सहासको एक शक्तिशाली प्रेरणापुञ्ज हो । झमकको सिर्जना संसार देख्दा यस्तो लाग्छ, मानिसको चिन्तन, तर्क र कल्पनामा आफूले नदेखेको र नभोगेको कुरालाई पनि गहिरोसित अनुभूत गर्न सक्ने विचित्र क्षमता हुदो रहेछ । आफूले देख्तै नदेखेको कुरालाई प्रत्यक्षदर्शीले जस्तो सजिव ढंगले प्रस्तुत गर्न सक्नु सामान्य कुरा होइन । लाखौ प्रेरणाका पुञ्ज हुन् झमक । इतिहासका अदृष्य गुजुल्टाहरु देखि विश्व राजनीतिक शक्ति केन्द्रका प्रतिस्पर्धी गतिविधि सम्म झमकको तेस्रो आँखा छर्लङ्ग पुगेको देखिन्छ । झमकको रुढी, अन्धविश्वास, भाग्यवाद र परलोकवाद विरुद्ध चिन्तनमा क्रमशः परिपक्व र सुदृढ हुदै गएको पाइन्छ । पारिवारिक वातावरणले विद्रोहको विउ उम्रदै गएपछि उहाँ वैज्ञानिक तथा भौतिकवादी दर्शनसम्म पुग्नुभयो ।

वर्तमान नेपाली साहित्यको संघर्षशील दियो हुन् झमक । समाजको अवस्था, अन्याय, अत्याचार र जातीय तथा लिङ्गीय भेदभाव विरुद्ध दार्शनिक

आवाज कालमका माध्यमबाट घन्काउछिन् । उहाँ महिलाहरु माथि भइरहेको अन्ध विश्वास र रुढिग्रस्त परम्पराको विरुद्ध आफ्ना रचना मार्फत हुँकार गर्दछिन् । 'चित्तामा पोलिएर मर्नु तिम्रा लागि एउटा पुण्यको काम हो । मेरा लागि पुरुषको नाममा आईमाइलाई जिउँदै मार्ने अपराध हो"(इतिहास भित्र नपढिएका अक्षरहरु) । कवि झमक बर्तमान युगको क्रान्तिकारी दर्शनमा उभिएर कविता लेख्दछिन् । उहाँका किशोर कलम काव्य यात्रातिर लम्किरहदा कविता, कथा, निवन्ध लेखन र संकलनका सातवटा पुस्तक प्रकाशित भइसकेका छन् । जीवनका विविध पक्षमा झमकको कलम कुँदिएको छ । राजतन्त्र विरुद्ध, लोकतान्त्रिक गणतन्त्रको पक्षमा उहाँको कलम खरो उत्रिएको थियो । झमक शुद्ध गाउँले परि वेशमा हुर्किएकीले निख्खर जनभाषामा उहाँको बलियो पकड छ । शिल्प शैलीमा पनि निखार छ । समाजलाई व्युझाउदै विद्रोही स्वरमा नयाँ कुरा भन्नु झमक शैलीको अर्को विशेषता हो ।

झमक हाम्रो आजको युगकी एक अकल्पनीय अद्भुत प्रतिमा हुन् । साँच्चै भन्दा निर्दयी प्रकृतिलाई आँखा र दिमाग भएर पनि नदेख्ने, नबुझ्नेहरुलाई अद्वितीय चूनौति बन्नुभएको छ झमक । युगौदेखिको अन्धकारलाई अन्त्य गरी लोकतान्त्रिक गणतन्त्र र समतामुखी समाज निर्माणमा समर्पित उहाँ एक प्रेरणाको स्रोत हुन् । उहाँ भन्छिन्- 'काँतर बन्नु हुन्न सत्य बोक्ने आवाजहरु' । झमक अहिले गणतन्त्रवादी नै हुन् । उहाँ मानवतालाई नै वास्तविक धर्म मानुहुन्छ । भनिन्छ, 'झमक एक भीर मा फुलेकी सुन्दर फूल हुन् ।'

वास्तवमा साहित्य कला र संस्कृति समाजका ऐना मात्र होइनन् । यी त समाजलाई सही मार्गदर्शन गर्ने माध्यम पनि हुन् । साहित्यकारहरुले निर कुशतालाई धिक्कारी रहेको बेला सिर्जना मार्फत उहाँले पनि क्रान्ति र शान्ति दुबै बोक्नुभएको छ । उहाँका कृतिहरुको अध्ययन गर्दा यस्तो लाग्छ, झमक करोडौ मानिसहरु मध्येकी एक असाधारण प्रतिमा हुन् । सच्चाइको धरातलमा उभिएर विश्लेषण गर्ने हो भने उहाँले आफू माथिको सृष्टिको अग्नी परीक्षामा सहजै विजय हासिल गर्नुभएको छ ।

जीवनको निष्पट्ट अँध्यारोलाई चिर्दै उहाँले एउटा शक्तिशाली सिर्जना यो धर्तिलाई दिनुभयो । 'जीवन काँडा कि फूल' उहाँको लेखनको उत्कर्ष हो । यस पुस्तक भित्र

सारा विकार बढार्ने आँधी छ, जीवनको भोगाइको यथार्थ छ । आफ्नो जीवनका सम्पूर्ण व्यथाहरुलाई इमान्दारी पूर्वक प्रस्तुत गर्नु उहाँको महानता हो । उहाँ एक समाज सूधारक मानवतावादी भएर दृढतापूर्वक उभिनु भएको छ । यस्तो लाग्छ यी अविजेय योद्धालाई नेपालीले मात्र होइन, एक दिन संसारले चिन्ने छ र उन प्रति सम्मान व्यक्त गर्नेछ । यो कृति अनमोल छ, यो एक अद्भूत चेतना, तिक्ष्णता र प्रकाशले निर्देशित वालिकाको कठोर तपस्याले आर्जन गरेको ज्ञान हो, जीवनको यथार्थ अनुभूति हो । नेपाली साहित्यको इतिहासमा यस्तो पुस्तक कहिल्यै जन्मेन; सबैले यो पुस्तक एक पटक पढनै पर्ने हुन्छ । यसरी पढ्दा बाल बालिका प्रति शिक्षकले, घर परिवारले, समाजले कस्तो व्यवहार गर्नुपर्छ छर्लङ्ग बुझ्न सकिन्छ ।

झमकले खेपिरहेको शारीरिक पीडालाई मेडिकल साइन्सले प्रतिमष्तिस्कीय पक्षघात भनेको छ । एघार जना यस्ता विश्व प्रशिद्ध लेखकहरु मध्ये झमक एक हुन् । नेपाली साहित्य जगतमा नयाँ युगको नेतृत्वकारी भूमिका खेल्न सक्ने एक संस्मणात्मक कृतिमा झमकको जीवनका रहस्यहरु उदघाटित भएको छ । नवोदित युवा स्रष्टाहरुको पंक्तिमा पर्दछिन् झमक । वास्तवमा झमक जस्तो साहित्यकारलाई राष्ट्रले सम्मान गर्नु पर्दछ । तर उहाँको संरक्षणमा र शिक्षा दिक्षामा राज्य पूर्णतया बेखवर छ । यो दुखद कुरा हो । नेपाली साहित्यको स्वनिर्मित रत्नलाई उचित वातावरण निर्माण गरी उहाँको विकास र प्रगतिमा सम्वन्धित क्षेत्रले ध्यान पुऱ्याउनु जरुरी छ । यथा समयमा राष्ट्रले झमकलाई चिन्नु पर्दछ । साथै अन्तरराष्ट्रिय जगतमा पनि चिनाउनु पर्दछ ।

समसामयीक नेपाली साहित्यिक क्षेत्रको शिखरमा रहेकी विशिष्ट प्रतिभा झमकले काँडै काँडाको वाटो हिडेर एक सुन्दर फूल फुलाउन सफल हुनुभएको छ । अतः नेपाली धर्तिलाई एक सस्मरणात्मक, युगान्तकारी महाग्रन्थ जन्माएर उहाँले उपहार दिनुभएको छ । आफ्नो बाल्यकाल देखि वर्तमान सम्मको जीवनको सस्मरणात्मक घटनालाई अत्यन्त सजिव रुपमा प्रस्तुत गरेर तत् तत् कालको सामाजिक, साँस्कृतिक र राजनीतिक चरित्र र प्रवृत्तिहरुको पर्दाफास गर्नुभएको छ । जव उहाँ यस संसारमा आउनुभयो, त्यसबेलादेखि नै उहाँले अत्यन्त कष्टकर क्षणको सामना गर्नु पऱ्यो । उहाँ अरुबाट जतिखेर पनि मृत्यु बचनबाट श्रापित

हुनुभयो । (यथार्थमा भन्दा उहाँ कालसँग संघर्ष गर्दै कठोर जीवन बाँचेकी चमत्कारिक कथाकी पुञ्ज हुन् । 'जीवन काँडा कि फूल' वास्तवमा मानिसको इच्छा शक्ति अत्यन्त बलवान हुदो रहेछ । उसले चाहेमा हर असम्भव पनि सम्भव हुदो रहेछ । समाजको प्रतिविम्वलाई जस्ताको त्यस्तै दुरुस्त उतार्न सक्नु चानचुने कुरा होइन । जीवनको अग्नी परीक्षामा यतिसम्म सफल उत्रिन सक्नु सानो त्यागको कुरा होइन । झमकले जुन मेहनत गर्नुभयो, जुन संघर्ष गर्नुभयो र आज उहाँ जुन सफलताको शिखरमा पुग्नुभयो, त्यो जो कोहीले चाहेर पनि गर्न सक्दैन । उहाँको यो जीवन कथा हजारौ कलिला भविष्यको प्रेरणाको स्रोत बन्नेछ ।

झमक आफ्नो मूल्य र मान्यतामा किशोर अवस्था देखि नै दृढ थिइन् । आफूले केही गरेर देखाउने, पढ्ने इच्छा शक्ति प्रवल भएकै कारण आज उहाँ सफलताको शिखरमा हुनुहुन्छ उहाँलाई सबैले घृणा नगरेको भए के थाहा, उहाँमा केही गरेर देखाउने प्रतिशोधको भावना जन्मदैनथ्यो कि वा उहाँले त्यसरी अत्यन्त कठिनता पूर्वक जोखिम उठाउँदै प्रयत्न नगरेको भए आजको सफलता उहाँले प्राप्त गर्न सक्नुहुन्नथ्यो कि ? यी भए भविष्यको गर्भमा रहेका सम्भावित सवालहरु । उहाँको कृतिमा सामन्तवादको दासत्वबाट साहित्य सँस्कृतिलाई मूक्त गर्ने दृढ इच्छाशक्ति पाइन्छ । यति मात्र होइन, उहाँले आफ्नो विवेक र सिर्जनालाई संसार र संस्कृति निर्माणका अक्षय स्रोत र शक्तिका बाहक, विशाल जनताको हितमा लगाउने दृढ संकल्प पनि गर्नुभएको छ । उहाँले आफू भित्र अन्तरनिहित क्षमतालाई जनताको न्याय, समानता, शान्ति, समृद्धि र देश भक्तिमा सम्पूर्ण जीवन समर्पित गर्ने अठोट गर्नुभएको छ । झमकले सबै विद्यामा कलम चलाउनु भएको छ । उहाँको दृढता, मानव अधिकार र स्वतन्त्रता र विश्व व्यापी सिद्धान्तहरुमा पनि प्रवल छ । विगतमा देशमा राजनीतिक र सामाजिक मूक्तिको लागि चलिरहेको गौरवपूर्ण आन्दोलनको पंक्तिमा दृढतापूर्वक उहाँले आफूलाई उभ्याउनुभएको छ । उहाँको भावना र समर्थन सदैव जनताको पक्षमा समर्पित रहेको छ । अनेकौ सामाजिक एवं राजनीतिक चूनौतिहरुको सामना गर्दै तिव्र गतिका साथ उहाँको कृतित्व र व्यक्तित्व निर्माण हुदै गयो । उहाँका कृतिहरु पढ्दा सिङ्गो देशले गर्व गरिरहेको आभास हुन्छ । सेता हिमाल

पनि उहाँको सहासको सम्मान गरिरहेको महसुस हुन्छ। काँडै काँडाको वीचमा पनि उहाँ फूल बनेर मुस्कुराइरहनुभएको छ। उहाँको यो अदम्य उत्साह र सहास देखेर हामी सबै नतमस्तक छौं । जीवन काँडा कि फूल उहाँको मूल्य र मान्यताको रोमाञ्चकारी आत्म कथा हो ।

मर्मस्पर्शी र सन्देशमूलक पुस्तककी लेखिका जिल्ला, देशको मात्र होइन, विश्वकै महत्वपूर्ण सम्पति हुन्। यो सम्पतिलाई सम्मान र संरक्षण गर्नु सम्वन्धित सम्पूर्ण निकाय र सिङ्गो राज्यको दायित्व हो। आज विश्वले नेपाललाई सगरमाथाको देश, गौतम बुद्धको देश, वीर गोरखालीको देश भनेर चिन्दछ। एक दिन विश्वले झमकको देश भनेर पनि चिन्नेछ। उहाँको विलक्षण प्रतिभाले एक दिन नेपाललाई विश्वमा चिनाउने छ। झमक नेपाली धर्तिको उदीयमान नक्षत्र हुन्। उहाँले एक अनुपम कृति प्रकाशन गरी सिङ्गो नेपाललाई गुन लगाएकी छन्। तसर्थ, झमक अविस्मरणीय बनेर नेपालीको मानस पटलमा सदैव बाँचिर हनु हुनेछ।